बिषय : **निजामति कर्मचारीहरुले याला पिकको आरोहण गरेको सम्बन्धि प्रेस बक्तब्य**

२०६७ असार १४ ⁄ निजामति कर्मचारी सगरमाथा आरोहण अभियान अर्न्तगत सञ्चालन भएको आधारभूत पर्वतारोहण प्रशिक्षणमा सबै प्रशिक्षार्थी कर्मचारीहरुले लाङटाङ क्षेत्रमा रहेको याला पिकको, (५५६० मी.) आज मिति २०६७ असार १४ गते विहान ११:१५ बजे सफलतापूर्वक आरोहण गरेका छन ।

पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय अर्न्तगतको पर्वतीय प्रशिक्षण प्रतिष्ठान विकास समितिले प्रशिक्षणको आयोजना तथा व्यवस्थापन गरेको उक्त अभियानमा २० जना प्रशिक्षार्थी कर्मचारी र ६ जना प्रशिक्षकहरु रहेका छन । सो पिकको दक्षिण पश्चिम मोहोडाबाट गरिएको आरोहणमा २० जना नै कर्मचारीले सफलतापूर्वक आरोहण गरेका हुन ।

१५ दिने पर्वतारोहण सम्बन्धि आधारभूत प्रशिक्षण लिन लाङटाङ क्षेत्रमा प्रशिक्षणका लागि २०६७ असार ४ गते कर्मचारीहरु त्यस तर्फ गएका हुन । प्रशिक्षणका लागि लाङटाङ क्षेत्रको आधारशिविरमा (४९०० मी.) उचाइमा क्याम्प खडा गरी सो आसपासमा प्रशिक्षण कार्य भएको छ । सो क्षेत्रमा जानुभन्दा अगाडी काठमाडौंमा ३ दिने प्रशिक्षण कार्यक्रम जेष्ठ २६, २७ र २८ गते सम्पन्न गरिएको थियो । नेपाल पर्वतारोहण प्रशिक्षक संघले प्रशिक्षणका लागि विकास समितिलाई सहयोग गरेको छ ।

प्रशिक्षणमा प्रधानमन्त्री तथा मन्त्री परिषदको कार्यालयका सचिव लिलामणि पौडेल, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयका सहसचिव लक्ष्मण भट्टराई,, परराष्ट्र मन्त्रालयका सहसचिव दुर्गा प्रसाद भट्टराई लगायत विभिन्न कार्यालयका विभिन्न तहमा कार्यरत निजामति कर्मचारीहरुको सहभागिता छ । आरोहण गर्ने प्रशिक्षार्थी कर्मचारीहरुको नामावली तपशिल बमोजिमको रहेको छ ।

नेपाल पर्यटन बर्ष २०११ को अवसरमा निजामति कर्मचारीहरुले सगरमाथाको आरोहण गर्ने अभियान अर्न्तगत उक्त प्रशिक्षण कार्यक्रम आयोजना गरिएको हो ।

लाक्पा फुटी शेर्पा
(कार्यकारी निर्देशक)
९८५१०-२१९२१

**आरोहण गर्ने प्रशिक्षार्थी कर्मचारीहरु**

श्री सन्त कुमार महर्जन, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय
श्री मुक्तिराम रिजाल, जिल्ला निर्वाचन कार्यालय, पाल्पा

श्री सुमन कुँवर, केन्द्रिय भेडाबाखा प्रवर्द्धन कार्यालय, काठमाडौं
श्री हरि ढकाल, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय
श्री कुमार गिरी, नारायणहिटी दरवार संग्रहालय
श्री पदम बहादुर भण्डारी, शिक्षा मन्त्रालय
श्री खिमलाल गौतम, नापी विभाग
श्री हरी प्रसाद गुरागाई, अर्थ मन्त्रालय
श्री रुकमणी गुरुङ, नारायणहिटी दरबार संग्रहालय
श्री दामोदर बिष्ट, नारायणहिटी दरबार संग्रहालय
श्री बीरेन्द्र प्रसाद कडेल, सगरमाथा राष्ट्रिय निकुञ्ज
श्री लिलामणी पौडेल, प्रधानमन्त्री तथा मन्त्री परिषदको कार्यालय
श्री तुल्सीराम भण्डारी, सचना तथा सञ्चार मन्त्रालय
श्री बिष्णु पौडेल निर्दोषी, रक्षा लेखा नियन्त्रकको कार्यालय
श्री लक्ष्मण भट्टराई, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय
श्री सुविर श्रेष्ठ, सामान्य प्रशासन मन्त्रालय
श्री दुर्गा प्रसाद भट्टराई, परराष्ट्र मन्त्रालय
श्री सुरथ पोखरेल, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय
श्री संजिव गुरुङ, नारायणहिटी दरबार संग्रहालय
श्री ज्ञानेन्द्र कुमार श्रेष्ठ, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय

**प्रशिक्षकहरु**

१. श्री ङवाङ ङिमा शेर्पा
२. श्री पदम घले
३. श्री पेम्बा ग्याल्जेन शेर्पा
४. श्री पासाङ शेर्पा
५. श्री प्रेम बहादुर गुरुङ
६. श्री सुनार बहादुर गुरुङ